# रामारोशन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## रोजगार सेवा केन्द्र
## शान्तडा, अछाम
## सुदूर पश्चिम प्रदेश, नेपाल

| | | |
|---|---|---|
| पत्र संख्या:- ६०८ | चलानी नं.:- | मिति:-२०८०/०८/१७ |

**<u>वैदेशिक रोजगार सन्तती छात्रवृति कार्यक्रममा सहभागी हुने बारे सुचना।</u>**

उपरोक्त विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वैदेशिक रोजगार बोर्ड सचिवालयको च.न. ४२१ प्राप्त पत्र अनुसार वैदेशिक रोजगार सन्तती छात्रवृति संञ्चालन कार्याविधि २०८० बमोजिम श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा गई मृत्यु या अंगभंग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत अशक्त भएका श्रमिकहरुका १८ वर्ष मुनिका सन्ततीहरु पुर्व प्राथमिक कक्षा,नर्सरी वा सो सरह देखि कक्षा १२ सम्मका विद्यार्थीहरुका लागि वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराईने छात्रवृतिका लागि तपशिल अनुसारको कागजात सहित आफु अध्ययनरत शैक्षिक संस्थामा अनुसुची १ बमोजिमको ढाँचामा फारम भरि २०८० मंसिर मसान्त सम्म निवेदन दिन सम्बन्धित सबै सरोकारवालामा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**<u>निवेदनका साथ संलग्न गर्नुपर्ने कागजात( नयाँ आवेदका लागी)</u>**

१-निवेदकको संरक्षकको नागरिकताको प्रतिलिपि।
२-वैदेशिक रोजगारमा गई मृत्यु भएका कामदारको मृत्यु दर्ता प्रमाणप्रत्रको प्रतिलिपि।
३-कामदारको राहदानिको प्रतिलिपि अथवा राहदानी नं.खुल्ने कागजात।
४-वैदेशिक रोजगारमा गई सोही क्रममा अशक्त भएका कामदारको पुर्णरुपमा अशक्त भएको खुल्ने प्रमाण कागज।
५-विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि।
६-निवेदक संरक्षक र कामदार बिचको नाता प्रमाणको प्रतिलिपि।
७-विद्यार्थी वा संरक्षकको बैक खाता खुल्ने कागजातको प्रतिलिपि।
८-सम्बन्धित स्थानीय तहको सिफारिस।

**<u>साविकमा प्राप्त गरिरहेका बालवालिकाका लागि</u>**

१. बिद्यार्थिको निवेदन।
२. अध्यानरत बिद्यालयको कक्षा खुल्ने सिफारिस पत्र।
३. बिद्यार्थि वा संरक्षकको बैङ्क खाता खुल्ने कागजातको पर्तिलिपि।
४. कामदारको राहदानिको पर्तिलिपि।

**<u>छात्रवृतिको सिमा</u>**

वार्षिक रुपमा आधारभुत तहका लागि रु.१२००० र माध्यामिक तहका लागि रु.१६००० प्रदान गरिनेछ। एक जना बिद्यार्थिलाई एउटा कक्षामा एक पटकका लागि मात्र वार्षिक रुपमा एकमुष्ट छात्रवृति उपलब्ध गराईनेछ।

नोट:

छात्रवृति फारम सचिवालयको वेबसाईट www.feb.gov.np बाट र यस कार्यलयबाट उपलब्ध गराईनेछ।

मान बहादुर साउद
रोजगार संयोजक

मान बहादुर साउद
रोजगार संयोजक